# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०४/२६

## प्रेस विज्ञप्ति

समाचार संकलनार्थ खटिएका एभिन्युज टेलिभिजन संवाददाता वैद्यनाथ यादवमाथि भएको आक्रमणप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही साउन २१ गते प्रहरीले चलाएको गोली लागेर सप्तरीको राजगढ गाउँपालिका, कमलपुरका ३७ वर्षीय लालु यादवको मृत्यु पछि भएको विरोध प्रदर्शनको समाचार संकलन गर्ने क्रममा केही व्यक्तिले यादवमाथि आक्रमण गरेको महासंघ मधेस प्रदेश समितिले जनाएको छ ।

प्रेस विरोधी यो आक्रमणको महासंघ निन्दा गर्दछ । साथै, महासंघ घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न स्थानीय प्रशासनसँग माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org